गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**प्रदेश जनस्वास्थ्य कार्यालय**
**कुश्मा ,पर्वत, नेपाल**

*प्रदेश जनस्वास्थ्य कार्यालय, कुश्मा , पर्वत*

# जनस्वास्थ्य बुलेटिन

वर्ष :३ अंक :२२ महिना :२२ मंसिर २०८२

## ३८ औ विश्व एड्स दिवस २०८२ : "अवरोधहरू पार गरौं, एड्स प्रतिकार्य रूपान्तरण गरौ"

प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत को आयोजना र CSG पर्वत, कुश्मा नगरपालिका,प्रदेश अस्पतालको समन्वयमा ३८ औ विश्व एड्स दिवस मनाइयो। एच,आइ,भि,एड्स सम्बन्धी जानकारीमुलक कार्यक्रम ,पर्चा बितरण,कण्डम बितरण तथा एच.आइ.भी रक्त नमुना परीक्षण गरी मनाइएको सो कार्यक्रममा ५१ जनाको सहभागीता रहेको थियो । कार्यक्रममा १० जनाको रक्त परीक्षण गरीएको थियो । रक्त परीक्षण गरीएका सबै नमुना नेगेटिभ पाइएको थियो । कुश्मा बजारको शिवालय चोकमा सन्चालन गरीएको सो कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी,सवारीचालक र सर्वसाधारण को सहभागिता रहेका थियो ।

## हार्दिक स्वागत तथा सफल कार्यकालको शुभकामना



**भू तथा जलाधार व्यवस्थापन कार्यालय, पर्वत वाट सरुवा भई आउनुभएका प्रशासन प्रमुख श्री दुर्गा शर्माज्यू र प्रदेश लोकसेवा आयोग वाट स्थायी नियुक्ती लिइ आउनुभएका कोल्ड चेन सहायक श्री प्रिया बस्याल ज्यूलाई प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतमा हार्दिक स्वागत गर्दछौं।**




**यहाँहरूको कार्यकाल सफल, उपलब्धिमूलक र सृजनशील रहोस् भन्ने शुभकामना व्यक्त गर्दछौं।**

## २२ औ राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका दिवस २०८२

### भर्चुअल सेसन भाग १६

मिति २०८२।०८।१९ गते प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतद्वारा मासिक भर्चुअल सेसन भाग १६ अन्तर्गत २२ औ राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका दिवस २०८२ को उपलक्ष्यमा भर्चुअल सेसन मार्फत महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरु सगँ अन्तर्क्रिया गरिएको थियो । "महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका कार्यक्रम र स्वंयसेविका कोष परिचालन " शिर्षकमा सहजिकरण भएको उक्त सेसन प्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा पर्वतका कार्यालय प्रमुख बद्रिराज आचार्यको अध्यक्षतामा सम्पन्न भएको छ । उक्त सेसनको संचालन र सहजिकरण प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका प.न.हे.नि. सुमन शर्माले गर्नुभएको थियो। उक्त सेसनमा कार्यालय प्रमुख बद्रिराज आचार्यले शुभकामना मन्तव्य सहित आवश्यक, सल्लाह सुझाव दिनुभएको थियो । १ घण्टा ३० मिनेटको सेसनमा जिल्लाका विभिन्न स्वास्थ्य संस्था बाट जुम आइडी मार्फत करिव ६० जना भन्दा बढी स्वास्थ्यकर्मीहरु र महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुको सहभागिता रहेको थियो ।








## BEONC तथा CEONC साईटमा कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृदि कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा पर्वतको आयोजनामा वर्थींङ सेन्टर, BEONC तथा CEONC साईटमा कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृदि )ANC TO PNC Continuum of Care, Pregnancy Registration and tracking app, MPDSR कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतको कार्यालय प्रमुख बद्रीराज आचार्य ज्यूको अध्यक्षतामा सम्पन्न भएको छ। बर्थिङ सेन्टर, BEONC तथा CEONC साइटमा कार्यरत स्वास्थ्यकर्मीहरुको ANC to PNC Continuum of Care सम्बन्धि क्षमता अभिवृद्धि गर्ने उदेश्यले कार्यक्रम संचालन गरिएको छ । कार्यक्रमको सहजीकरण प्रदेश अस्पताल कुश्माका एममिलन .पि डा.जि.डि. प्रियसा अधिकारि .अवाले र स्त्री रोग विशेषज्ञ डा, मेडिक मोवाईल प्रोग्राम अफिसर नारायण रिजाल, प्रदेश अस्पताल कुश्माका अस्पताल नर्सिङ निरिक्षक सुनिता नेपाली , प्रदेश जनस्वास्थ्य कार्यालयका प.हे.न.नि. सुमन शर्माले गर्नु भएको थियो । कार्यक्रममा मातृ तथा नवशिशुको वर्तमान अवस्था,ANC TO PNC continuum of care, pregnancy registration and tracing Application, Infection Prevention, IUGR/IUFD/ FETAL KICK COUNT MONITORING र अभिलेख प्रतिवेदन को विषयवस्तु जोडि प्रशिक्षण गरिएको थियो । स्थानिय तहका बर्थीङ सेन्टर, नन वर्थीङ सेन्टर र प्रदेश अस्पताल कुश्माका कार्यरत नर्सिङ कर्मचारीहरु सहित २६ जनाको उपस्थिति रहेको थियो ।









## "स्वस्थ मन, स्वस्थ जीवन" :  मानसिक स्वास्थ्य सचेतना अभियान २०८२

"मनको कुरा गरौं" भन्ने नाराका साथ स्वस्थ मन, स्वस्थ जीवनः मानसिक स्वास्थ्य सचेतना अभियान २०८२ अन्तर्गत प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा फलेवास नगरपालिकाको श्री भवानि विध्यापिठ मा. वि. र श्री माटेदेवल मा. वि. मा अध्यनरत विधार्थीहरुलाई मानसिक स्वास्थ्य सम्बन्धि अभिमुखिकरण गरिएको छ जसमा सहजिकरण प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत सन्देश पोख्रेल  र पब्लिक हेल्थ नर्सिंग निरीक्षक सुमन शर्माले गर्नु भएको थियो। दुवै विद्यालयमा गरेर कुल ७५ जना विद्यार्थीहरुको उपस्थीति रहेको थियो । राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्र द्वारा प्रेषित सन्दर्भ सामग्रीमा आधारित रही प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा तैयार पारिएको किशोरकिशोरी लक्षित मानसिक स्वास्थ्य सचेतना सम्बन्धी सामग्री को प्रयोग गरि उक्त विद्यालयहरु मा अभिमुखीकरण कार्यक्रम संचालन गरिएको थियो ।








## "हरेक महिना एक स्वास्थ्यकर्मी, एक स्वास्थ्य शिक्षा" सन्दर्भ सामग्री


यस मंसिर महिना मा हरेक महिना एक स्वास्थ्यकर्मी, एक स्वास्थ्य शिक्षा सम्बन्धी ४ वटा विभिन्न शिर्षकहरु का सन्दर्भ सामग्री हरु विकास गरी स्वास्थ्यकर्मी माझ उपलब्ध गराइएको छ :-

- औषधीको समुचित प्रयोग र प्रतिजैविक प्रतिरोध (Antimicrobial Resistance)
- लैंगिक हिंशा
- HIV/AIDS
- स्वस्थ मन, स्वस्थ जीवन : मानसिक स्वास्थ्य सचेतना अभियान २०८२

यस महिना मा रहेका विश्व प्रतिजैविक प्रतिरोध सचेतना सप्ताह , लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, विश्व एड्स दिवस एवं मानसिक स्वास्थ्य सचेतना अभियान २०८२ लाई जिल्लाभर समुदायस्तरमा एवं किशोरकिशोरी लक्षित गरी जनचेतना अभिवृद्धि गर्दै भव्य रुपमा मनाउन उक्त सन्दर्भ सामग्रीहरु ले सहयोग पुर्याएका थिए ।






## Geo-enabled Microplanning Initiative for Immunization तालिम

विश्व स्वास्थ्य संगठनको सहयोगमा Geo-enabled Microplanning Initiative for Immunization कार्यक्रमको सुरुवातमा गण्डकी प्रदेशबाट पर्वत जिल्ला छनौट भइ सो संचालन का लागि आवश्यक पालिका स्तरीय तालिम तथा वर्कसप विभिन्न पालिकामा सम्पन्न भएका छन् भने केहि पालिकाहरुमा सम्पन्न हुने क्रम मा रहेका छन्। यस कार्यक्रम को सुरुवाती चरण (Piloting Phase) का लागि देशभर बाट पर्वत र काभ्रेपलाञ्चोक जिल्ला छनौट भएका छन् । WHO को प्राविधिक सहयोगमा परिवार कल्याण महाशाखाले खोप कार्यक्रमका लागि देशभर भू—सूचना (geo-enabled) आधारित सूक्ष्म योजना (microplanning) सुरु गर्ने योजना बनाएको छ। यसको उद्देश्य नियमित खोप र खोप अभियानमा छुटेका बालबालिका (शून्य मात्रा नलिएका र अपूरो खोप लगाएका) सम्म पुग्नु हो। खोप कार्यक्रमको सुक्ष्म योजना लाई भौगोलिक अवस्था र सुचनामा आधारित रही सम्पूर्ण बालबालिकाको खोप कार्यक्रममा पहुच सुनिश्चित गर्न यस कार्यक्रम आगामी दिनहरु मा देशभर संचालन गर्ने परिवार कल्याण महाशाखाको योजना रहेको छ।

















dhoparbat44@gmail.com
hoparbat.gandaki.gov.np
067-420119


स्वस्थ मन, स्वस्थ जीवनः
मानसिक स्वास्थ्य सचेतना अभियान २०८१
मनको कुरा गरौं
नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र


मनको कुरा गरौं


मनको कुरा गरौं


मनको कुरा गरौं


TAKE TIME
for mental health




नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र




नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र







नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

# स्थानीय तहहरु को स्वास्थ्य शाखा बाट यस महिनामा सम्पादित मुख्य क्रियाकलापहरु

## कुश्मा नगरपलिका

- सम्पुर्ण स्वास्थ्य संस्था तथा नगरपालिका स्वास्थ्य शाखाको बिचमा मासिक समीक्षा बैठक सम्पन्न गरियो।
- कुश्मा नगरपालिकाका सम्पुर्ण बिधालय हरूमा अर्ध बार्षिक रूपमा जुकाको औषधि खुवाउने तथा विभिन्न बिषयमा स्वास्थ्य शिक्षा दिने कार्यक्रम सम्पन्न गरियो।
- कुश्मा नगरपालिका को आयोजना स्वास्थ्य तालिम केन्द्र गन्डकि प्रदेश संगको संमन्वयमा,नेपाल सरकारको सुचिकृत तालिम केन्द्र,नेपाल परिवार नियोजन संघ, बुटवलमा ५ जना स्वास्थ्यकर्मि हरूका लागि ईम्पलान्ट तालिम सम्पन्न गरियो।
- सबै स्वास्थ्य संस्थाहरूले वडा तथा ब्यवस्थापन समिती संग समन्वय गरि महिला सामुदायिक स्वास्थ्य स्वय सेविका दिवश मनाउने कार्य समपन्न गरियो।
- ठुलिपोखरी आधारभुत अस्पतालमा मुटुरोग सम्बन्धी स्कृनिङ शिबिर संचालन गरि ४५० जनाको स्वास्थ परिक्षण गरियो।
- कुश्मा नगरपालिकाको १४ वटै वडाको खोप कार्यक्रमको Geo - enable microplanning सम्पन्न गरियो।
- नसर्ने रोगको मासिक रूपमा गरिने स्कृनिङ तथा नियमीत परिक्षण कार्यक्रम पनि सम्पन्न गरियो।

## फलेबास नगरपलिका

- नियमित मासिक बैठक तथा प्रगति समिक्षा सहित eHMIS, DHIS, eTB, PAMS लगायतमा छलफल
- विश्व AIDS दिवसको अवसरमा विद्यालय स्वास्थ्य शिक्षा सञ्चालन ।
- २२औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस २०८२ को उपलक्ष्यमा वडा स्तरीय स्वयंसेविका प्रोत्साहन तथा सम्मान कार्यक्रम ।
- विद्यालयमा कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुलाई जुकाको औषधि प्रदान ।
- रिक्त स्थान रहेका स्वास्थ्यकर्मीहरुको करार सेवामा पदपुर्ति ।
- नगरपालिकाका लागि आवश्यक औषधि तथा सामाग्रीको टेन्डर आह्वान गरिएको ।

## पैयु गाउँपालिका

- नियमित मासिक बैठक तथा प्रगति समिक्षा कार्यक्रम सम्पन्न ।
- सुनौला १००० दिनका आमा तथा ५ बर्ष मुनिका बालबालिकाहरूको पोषण लेखाजोखा कार्यक्रम सम्पन्न ।
- अध्यक्षसंग जेष्ठ नागरिक कार्यक्रमको शुरूवात ।
- पालिका स्तरिय कोहर्ट विश्लेषण तथा बार्षिक समिक्षा सम्पन्न ।
- बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न ।
- बजारक्षेत्रमा बृहत सरसफाई कार्यक्रम सम्पन्न ।

## मोदी गाउँपालिका

- मिति २०८२ मंसिर ०९ गतेका मोदी गाउँपालिकामा रहेका स्वास्थ्य संस्था प्रमुख तथा मोदी गाउँपालिका स्वास्थ्य तथा जनसंख्या उपशाखामा कार्यरत कर्मचारीहरुको मासिक बैठक सम्पन्न भएको छ ।
- मोदी गाउँपालिकाको आयोजनामा मोदी गाउँपालिकामा रहेका सम्पुर्ण स्वास्थ्य चौकीहरुको न्युनतम सेवा मापदण्ड कार्यक्रम सम्पन्न भएको छ । आर्थिक बर्ष २०८२/०८३ को पहिलो फलो अफ कार्यक्रम अन्तर्गत न्युनतम सेवा मापदण्ड कार्यक्रम सम्पन्न भएको हो ।
- मोदी गाउँपालिकामा पातिचौर पर्वतको आयोजनामा संचालन गरिएको पाचौ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तथा प्रथम अध्यक्ष कप प्रतियोगितामा प्राथमिक सहायता कक्षको व्यस्थापन कार्य सम्पन्न भएको छ । मिति २०८२/०८/१४ गते देखी २०८२/०८/१९ सम्म संचालन गरिएको उक्त प्रतियोगितामा बिभिन्न प्रकारका खेलहरु खेलाइएको थियो । खेलहरु प्रर्दशन का क्रममा हुन सक्ने घटनाहरु बाट जोगिन प्राथमिक कक्षको व्यबस्थापन गरिएको थियो ।
- मोदी गाउँपालिकाको आयोजना तथा प्रादेशिक स्वास्थ्य तालिम केन्द्र,गण्डकी प्रदेश, पोखराको समन्वयमा श्री नेपाल परिवार नियोजन संघ,बुटवल, रुपन्देहीमा मोदी गाउँपालिकामा कार्यरत ५ जना स्वास्थ्यकर्मिहरुलाइ इम्प्लान्ट तालिम प्रदान गरिएको छ । मोदी गाउँपालिकाको आयोजनामा सम्पन्न गरीकएको उक्त तालिम यहि मिति २०८२/०८/२२ गते देखी २०८२/०८/२९ गते सम्म संचालन गरिएको थियो ।
- मोदी गाउँपालिकाको समन्वय, तथा बिश्व स्वास्थ्य संगठनको आयोजनामा २ दिने खोप कार्यक्रमको भू-सक्षम शूक्ष्म योजना सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न भएको छ ।

## जलजला गाउँपालिका

- स्वास्थ्य शाखा जलजला गाउँपालिका -मासिक अपडेटको पहिलो अंक प्रकाशन
- आ.व.२०८१/८२ को पोषण तथा समुदायमा आधारित बालारोग व्यवस्थापन कार्यक्रम को समिक्षा तथा योजना तर्जुमा कार्यक्रम सम्पन्न
- नियमित मासिक बैठक तथा प्रगति समिक्षा कार्यक्रम
- २२ औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस , जलजला गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई सम्मान साथै बिभिन्न कार्यक्रम गरि सम्पन्न
- त्रैमासिक रुपमा सन्चालन गरिने जेष्ठ नागरिक तथा नसर्ने रोगको शिबिर सबै वार्डमा सन्चालन
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम२०८२/८३ अन्तर्गत पहिलो चरणको जुकाको औषधी खुवाउने कार्यक्रम बिभिन्न बिध्यालयमा सम्पन्न ।
- विश्व पाठेघरको मुखको क्यान्सर उन्मुलन दिवसको अवसरमा पाठेघरको मुखको क्यान्सर सम्बन्धी प्रजनन उमेर समुहका महिलाहरु लाई अभिमुखिकरण तथा VIA स्क्रीनिङ कार्यक्रम मल्लाज स्वास्थ्य चौकीमा सम्पन्न
- मिति २०८२/८/२६ गते र २८ गते WHO को आयोजनामा तथा प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत र जलजला गाउँपालिकाको समन्वयमा सञ्चालन भएको “Municipality Level Workshop on Geo-enabled Microplanning of NIP 2025” कार्यक्रम सम्पन्न
- औसधि खरिद र वितरण
- नियमित बिद्यालय स्वास्थ्य शिक्षा, स्वास्थ्य आमा समुह बैठक , FCHV बैठक सम्पन्न ।

## बिहादी गाउँपालिका

- नियमित मासिक बैठक तथा प्रगति समिक्षा (eHMIS, DHIS, eTB, PAMS) लगायत
- विद्यालयमा कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुलाई जुकाको औषधि प्रदान साथै विश्व AIDS दिवसको अवसरमा विद्यालय स्वास्थ्य शिक्षा सञ्चालन
- पालिका स्तरीय क्षयरोग कार्यक्रमको वार्षिक समिक्षा सम्पन्न
- शालिग्राम स्वास्थ्य चौकी द्वारा कुष्ठरोग शंकास्पद समुदायमा कुष्ठरोगकाे स्क्रिनिङ
- २२औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस २०८२ को उपलक्ष्यमा पालिका स्तरीय स्वयंसेविका प्रोत्साहन तथा सम्मान कार्यक्रम

## महाशिला गाउँपालिका

- नियमित मासिक बैठक
- पालिका मा रहेका विद्यालयमा स्वास्थ्य शिक्षा संचालन